**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
DOI : https://doi.org/10.3126/scholars.v5i1.55812
https://www.nepjol.info/index.php/scholars

# 'परालको आगो' कथामा रस विधान

भुवेश्वरी बडू
सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस
महेन्द्रनगर, कञ्चनपुर ।
Email: bhuweshwaribadu14@gmail.com

**Article History: Received: 13 Oct, 2022; Revised: 23 Nov, 2022; Accepted: 24 Nov, 2022**

**लेखसार**

प्रस्तुत अध्ययन कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथासङ्ग्रहभित्र राखिएको 'परालको आगो' कथामा रस विधानको अध्ययन विश्लेषणमा केन्द्रित छ । गुरुप्रसाद मैनालीको 'परालको आगो' कथामा रसको प्रयोग रस सिद्धान्तका आधारमा केलाउनु यसको मूल उद्देश्य रहेको छ। पूर्वीय साहित्य सिद्धान्तमा आधारित भएर यस अध्ययनलाई भरतको रस सिद्धान्तका कोणबाट विश्लेषण गरिएको छ । कथामा प्रयुक्त भनाइको गाम्भीर्यता र रसको सङ्गठनलाई उक्ति वैचित्यका आाधारमा अध्ययनको केन्दविन्दु बनाइएको छ । नेपाली ग्रामीण समाजका निम्न वर्गीय मानिसहरुको जीवन भोगाइलाई चामे र गौथलीका माध्यमबाट दैखाउँदै लोग्नेस्वास्नीको झगडा 'परालको आगो' भन्ने उक्ति चरितार्थ गरेको छ । यस कथामा शृङ्गार रस र रौद्र रसको प्रयोगको अवस्थाको विश्लेषण गरिएको छ । यो लेख गुणात्मक अध्ययनमा आधारित छ । पुस्तकालयीय कार्यबाट सामग्रीको अध्ययन विश्लेषण गरिएको यस लेखमा विशेष गरी 'परालको आगो' कथामा रस विधानको पहिचानलाई मूल आधार बनाइएको छ । समग्रमा यस अध्ययनमा परालको आगो कथामा रस विधानका दृष्टिकोणले शृङ्गारिक र रौद्र रसको प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

**मुख्य शव्दावली** : विधातात्विक, विभाव, रौद्र, शृङ्गारिकं, सहृदय

## परिचय

गुरुप्रसाद मैनालीद्वारा लिखित 'परालको आगो' कथामा रस विधानको अध्ययन यहाँ गरिएको छ। गुरुप्रसाद मैनाली प्रथम आधुनिक कथाकार हुन् । उनले सर्वप्रथम वि स १९९२ सालमा शारदा पत्रिकामा नासो कथा प्रकाशन गरेर औपचारिक कथा यात्राको सुरुवात गरेका हुन् । उनको एघारवटा कथाहरुको संग्रह नासो (२०२०) प्रकाशित छ। यस संग्रहभित्र संग्रहित प्रमुख कथाहरु मध्ये 'परालको आगो' पनि एक हो । नेपाली कथा साहित्यमा आधुनिकताको शुरुवात गरी ऐतिहासिक

*Copyright 2022 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

योगदान दिने उनी प्रथम आधुनिक कथाकार हुन् । उनका कथाले नेपाली समाजका ग्रामीण जनजीवनका सुखदुःख, माया प्रिति, इज्जत प्रतिष्ठा, आदिलाई कारुणिक रुपमा चित्रण गरेको पाइन्छ। उनका कथामा संरचनात्मक परिपुष्टता पनि पाइन्छ। आधुनिक कथा तत्व र कथा शिल्पको प्रयोग गरी विधागत सचेतताका साथ उनले कथा लेखेका छन् । सामाजिक सन्दर्भ र कलात्मक मूल्यका दृष्टिले यिनका कथाहरुले नेपाली साहित्यको विकासमा नौलो आयाम थपेका छन् ।

'परालको आगो' कथामा कथानकीय शैली सामाजिक यथार्थवादी छ। मैनाली यथार्थवादी कथाकार भएकाले उनले आफ्ना कथाको विषयलाई सामाजिक यथार्थवादी बनाउने प्रयास गरेका छन् । कथानकले आदिदेखि अन्त्यसम्म यथार्थपरक रुप लिएता पनि जुठे दमाई र दमिनीका आदर्श जोडिलाई प्रस्तुत गरेर मैनालीले यस कथालाई आदर्शोन्मुख यथार्थवादी बनाउने प्रयास गरेका छन्। तिनका आदर्शवादी व्यवहारहरु बिहानै उठनु, स्नान गर्नु, देवीदेवताको ध्यान गर्नं, विराटपर्वका श्लोकहरु पाठगर्नु, आर्दशबोली वचन प्रयोग गर्नुले आदर्शवादी व्यवहारको सन्देश दिएका छन् । लोग्ने स्वास्नीको सामान्य झगडालाई विषय बनाइ लेखिएको यस कथाले पतिपत्नीका विचको झगडा अल्प अस्थायी हुन्छ भन्ने निष्कर्षमा पुग्न यसभित्र विविध घटनाहरु घटाएका छन् । चामेको घर, गाउँको विवाह घर, गौँथलीको माइती घर आदि स्थान बनेर आएका छन् । कथाकारले ग्रामीण जीवनसँग सम्बन्धित भावहरुलाई ग्रामीण प्रकृतिका दृश्यावली, पात्र र घटनाद्वारा सजीव बनाउने जुन प्रयत्न गरेका छन् यसले नेपाली समाजको ग्रामीण जीवनशैली प्रकट हुनुका साथै कथानकले पूर्णतः यथार्थवादी रुप प्राप्त गरेको छ।

प्रस्तुत शीर्षकमा आएको 'रस' शब्दले काव्य शास्त्रीय रसलाई बुझाउँछ। कुनैपनि कृति पढेर वा सुनेर पाठक वा स्रोताको मनमा उब्जने भाव वा अनुभूतिलाई रस भनिन्छ। रसका माध्यमले गर्दा पाठकलाई कृति पढ्दा एक प्रकारको आनन्द आउने गर्दछ। यसै काव्यशास्त्रीय रसको सिद्धान्तलाई रस विधान भनिन्छ। रस पूर्वीय साहित्यको देन हो। रस सिद्धान्तको प्रतिपादन सर्वप्रथम आचार्य भरतमुनीले आफ्नो नाट्यशास्त्रमा गरेका हुन्। त्यसपछि संस्कृतका अन्य आचार्यहरु (जगन्नाथ, विश्वनाथ, अभिनव गुप्त, भट्टनायक) आदिका रसवादी मान्यतालाई अघि बढाएका हुन्। कुनैपनि कृतिमा विभाव अनुभाव सञ्चारी भाव र स्थायी भावको समिश्रणबाट रसको उत्पत्ति हुने गर्दछ। कृतिभित्र रस विधानको अध्ययन गर्दा कृतिमा के कस्ता रसको प्रयोग कसरी गरिएको छ भन्ने कुरा पत्ता लगाइन्छ। प्रस्तुत अध्ययनमा 'परालको आगो' कथामा शृङ्गार रसको प्रयोगको अवस्था कस्तो रहेको छ र रौद्र रस प्रयोगको अवस्था कस्तो रहेको छ भन्ने विषयको अध्ययन गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गर्नका लागि आवश्यक सामग्रीलाई निम्नलिखित विधिको प्रयोग गरी सङकलन र विश्लेषण गरीएको छ। यस अध्ययनका लागि पुस्कालयीय कार्यबाट प्राथमिक र द्वितीयक स्रोतका रुपमा सामग्रीको सङ्कलन गरिएको छ। गुरुप्रसाद मैनालीद्वारा रचित 'परालको आगो' कथालाई प्राथमिक सामग्रीका रुपमा र रस विधान तथा सोसँग सम्बन्धित अध्ययन विश्लेषण तथा सम्बन्धित अनुसन्धानमुलक आलेखलाई द्वितीयक स्रोतका रुपमा प्रयोग गरिएको छ। यस अध्ययनमा पूर्वीय काव्य विश्लेषण पद्धतिको रस सिद्धान्तलाई आधार बनाइएको छ। यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी गुणात्मक विधिको प्रयोग गरिएको छ। यस अध्ययनमा कथाभित्रको रस विधानलाई

पहिचान गरी रस सिद्धान्तका कोणबाट वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ ।

## रस विधानको सैद्धान्तिक अवधारणा

रस अर्थात् रसभाव संस्कृत साहित्य समालोचना परम्पराको सबैभन्दा जेठो र प्रधान मान्यता हो । पूर्वीय साहित्य समालोचनाका अन्य विधाहरुका तुलनामा यो अत्यन्त उर्वर एवम् चर्चित मान्यता हो । यसको सर्वप्रथम औपचारिक रुपमा प्रयोग आचार्य भरतमुनिले आफ्नो कृति नाट्यशास्त्रमा गरेका हुन् । हुन त उनी पूर्व पनि रसका सम्बन्धमा केही चर्चा परिचर्चा नभएका होइनन् तापनि प्रमाणिक रुपमा यसको उल्लेख उनले आफ्नो नाट्यशास्त्रमा सर्वप्रथम गरेकाले भरतमुनिलाई नै रस सिद्धान्तका प्रर्वतक मानिन्छ ।

रस शब्दको सोझो, सरल अर्थ हुन्छ, त्यस्तो पदार्थ भाव वा गुण जुन आस्वाद्य हुन्छ (श्रेष्ठ, २०६२, पृ. ८९) । सामान्यतया कुनै साहित्यको अध्ययन, श्रवण वा अवलोकन गर्दा विभावादीको संयोगबाट निष्पन्न हुने आनन्दात्मक चित्तवृति नै रस हो । अझ सरल शब्दमा भन्नुपर्दा साहित्यबाट जुन चमत्कारपूर्ण आनन्द प्राप्त हुन्छ त्यसैलाई रस भनिन्छ । साहित्यमा कुनै न कुनै मानवीय मनोभावहरुको अभिव्यक्ति दिइएको हुन्छ जसको साधारणीकरण गरेर पाठकले रागात्मक अनुभूति लिने गर्दछ । त्यसैले मानसिक सन्तुष्टिको अर्को नाम अथवा रागात्मक अनुभूति नै रस हो । यसरी पूवीय आचार्यहरुले रसलाई जुन रुपमा अर्थ्याएर त्यसको अलौकिकताको चर्चा गरेका छन् । ती वर्तमानका साहित्यिक कृतिका पनि लक्ष्य हुन् र रसानन्दका पनि कारक हुन् । रस भनेको आनन्ददायी आस्वाद्य पदार्थ हो । अनेक औषधी व्यञ्जन द्रव्यहरुको योगबाट विचित्र आस्वाद्य हुन रस तयार भए झै भावहरुको अभिनयबाट परिपुष्ट भई भावविशेषको मानसिक आन्नदमय आस्वाद्य जो तयार हुन्छ त्यही रस पदार्थ हो (शर्मा, २०५८, पृ १२३) । विभावानुभावव्यभिचारीभावसंयोगातरसनिष्पत्ति या रससिद्धिविषयको भरतको मुल सूत्रमा आलम्बन र उद्धिपन दुई किसिमका कारण कार्य श्रेणिका स्तभ स्वेद, आदि अनुभाव, सहकारिश्रेणीका निर्वेदादी ३३ व्यभिचारी भावहरुको मेलबाट रति आदि स्थायीभाव प्रदिप्त भएर आनन्दमय रसको निष्पत्ति हुन्छ । रस सम्प्रदाय पूर्वीय साहित्य जगतमा देखा परेको प्रथम र प्रमुख साहित्य सिद्धान्त हो ।

गुरुप्रसाद मैनालीको 'परालको आगो' कथामा रस विधान एक महत्वपूर्ण प्राज्ञिक अध्ययनीय क्षेत्रको विषय हो । यस कृतिको सङ्कथन विश्लेषण,शैली वैज्ञानिक अध्ययन,समाजभाषिक अध्ययन आदि गरिएपनि रस विधानका आधारमा यसको अध्ययन भएको छैन । यसै रिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको हो । गुरुप्रसाद मैनालीको 'परालको आगो' कथामा रस विधानको अवस्था के कस्तो छ भन्ने जिज्ञासा नै यस अध्ययनको मुख्य प्राज्ञिक समस्या हो

कुनै पनि कृति पढेर, सुनेर वा हेरेर पाठक, श्रोता र दर्शकका मनमा उत्पन्न हुने परम आनन्द नै रस हो । जसरी भोज गर्नेले भोजनको आस्वादन गर्दछ, त्यसरी नै कृतिको पाठन गर्नेले कृतिको आस्वादन गर्छ । यो आस्वादनीय वस्तु नै साहित्यमा रस हो कुनै पनि साहित्यक कृतिमा रसको उपस्थिति अनिवार्य रुपमा रहेको हुन्छ । रस निस्पत्तिका लागि विभिन्न सामग्रीहरुको आवश्यकता पर्दछ । ती सामग्रीहरु नै विभाव, अनुभाव, व्यभिचारी भाव, र सञ्चारी भावको संयोगबाट रस निस्पत्ति

हुने भएकाले यिनलाई कृतिमा रस निष्पत्तिका सामग्री भनिन्छ । कुनैपनि साहित्यिक कृतिमा विभिन्न रसको उपस्थिति गरिएको हुन्छ । रस विधान अर्न्तगत उक्त कृतिभित्र प्रयोग गरिएका रसहरुको अवस्था के कस्तो छ भन्ने कुराको अध्ययन यहाँ गरिएको छ । 'परालको आगो' कथामा शृङ्गार रस र रौद्र रसको प्रयोगको अवस्था कस्तो रहेको छ भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ । यस कथामा शृडगार रस र रौद्र रसको मुख्य रुपमा रहेको छन् । 'परालको आगो' कथामा शृडगार रस र रौद्र रस प्रयोगको अवस्था को विश्लेषण गरेको छ । प्रस्तुत अध्ययनमा 'परालको आगो' कथामा रस विधान सम्बन्धी अवधारणाहरु लाई सामग्री विश्लेषणको सैदान्तिक आधारका रुपमा प्रयोग गरिएको छ ।

## अध्ययनको औचित्य

गुरुप्रसाद मैनाली नेपाली साहित्यका प्रथम आधुनिक कथाकार हुन् । उनले एघारवटा कथाहरुको सङ्ग्रह नासोको प्रकाशनका माध्यमबाट नेपाली कथाका क्षेत्रमा आफ्नो विशिष्ट पहिचान कायम गरेका छन् । उनका महत्वपूर्ण कथाहरु मध्ये 'परालको आगो' पनि एक हो । यस कथाको सामाजिक सांस्कृतिक अध्ययन, विधातात्विक आधारमा केहि गरिएको भएपनि रस विधानमा केन्द्रित भइ अध्ययन नभएको परिपेक्ष्यमा उक्त कथाको रस विधान बारे समष्टिगत अध्ययन र विश्लेषण गरिने हुनाले प्रस्तुत अध्ययनको प्राज्ञिक अनुसन्धानात्मक औचित्य छ । त्यसैले यस अध्ययनबाट 'परालको आगो' कथामा रस विधान सम्बन्धी अध्ययन गर्न चाहने जिज्ञासु पाठक र अध्येताहरु लाभान्वित हुने भएकाले पुस्तकालयीय अध्ययनको विकासमा यस प्राज्ञिक कार्यले महत्वपूर्ण भूमिका वहन गर्ने स्वतः सिद्ध हुन्छ । यस अध्ययनमा रस विधानको विश्लेषणात्मक ढाँचा गहन अध्ययनबाट तयार गरिने हुँदा यसले भावी अध्येतालाई कथाका अतिरिक्त साहित्यका अन्य विधामा चित्रित रस विधानका दृष्टिले अन्वेषण र मूल्याङ्कनका लागि मार्ग निर्देशन गर्ने छ । तसर्थ परालको आगो कथामा रस विधानको विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ ।

## रस विधानका आधारमा 'परालको आगो' कथाको विश्लेषण

'परालको आगो' कथाकार गुरुप्रसाद मैनालीको 'नासो' कथा सङ्ग्रह (२०२०)मा राखिएको सामाजिक यथार्थवादी कथा हो । उनी साामजिक यथार्थवादी कथाकार भएकाले उनको कथाको विषय स्रोत नेपाली सामाज रहेको हुन्छ । उनले आफ्ना कथामा सामाजिकता भित्र यथार्थलाई संयोजन गरेको पाइन्छ । कथामा प्रयोग गरेको घटनाहरु अति वास्तविक छन् । यथार्थवादी आख्यानकारलाई ठूलो विषय चाहिदैन भन्ने सत्य लोग्ने स्वास्नीको अति सानो झगडालाई विषय बनाएबाट थाहा हुन्छ । लोग्ने स्वास्नीको झगडा 'परालको आगो' झैं, अस्थिर र क्षणिक हुन्छ नै भन्ने छैन तर नेपाली समाजको तत्कालीन अवस्था र सामाजिक मानसिकताका आधारमा हेर्ने हो भने यो कथन प्रायः सत्य भएको देखिन्छ । यद्यपी लोग्ने स्वास्नीको झगडाले लामो रुप लिए त्यसले पारिवारिक विखण्डन र विघटन निम्त्याउदा यो सम्झौताद्वारा निर्मित हुने र दुवैको मानसिकताले कुनै न कुनै बहानामा आफ्नो गल्ती र कमजोरीलाई स्विकार्नै भएकाले झगडा 'परालको आगो' झै रहने गर्छ । मै नालीले कथामा यही आहानलाई पुष्टि गरेका छन् । आजपनि यो उखान पिछडीएको ग्रामीण परिवेशका सन्दर्भमा उतिनै प्रभावकारी छ जति चामे र गौंथली बिच रहेको छ । मैनालीले कथाका माध्यमबाट पारिवारिक व्यवस्थापनका लागि लोग्ने स्वास्नीले सानातिना झगडामा नलागि आपसी मेलमिलापलाई अपरिहार्य ठान्दै एक सुन्दर परिवारको निर्माणका लागि लोग्ने स्वास्नी बिच सानातिना मनमुटाव र

वैमनस्यता भएपनि अन्तमा समग्र पारिवारिक हितको लागि मिल्नुपर्ने सन्देश उनले दिएका छन् । यस कथाका माध्यमबाट कथाकार मैनालीले नेपाली ग्रमीण समाजको यथार्थलाई चित्रण गर्दै सुखी परिवार निर्माणमा लोग्ने स्वास्नीको आपसी मेलमेलाप आवश्यक हुन्छ भन्ने निष्कर्ष निकालिएको छ । पूर्वीय साहित्यिक मान्यताका प्रमुख सिद्धान्तहरु मध्ये रस सिद्धान्त एक प्रमुख सिद्धान्त हो । यस सिद्धान्तलाई ई.पू पहिलो शताब्दीका आचार्य भरतमुनीले नाट्यशास्त्रको विवेचना गर्ने क्रममा, प्रतिपादन गरेका हुन् । भरतमुनी पछिका अन्य थुप्रै आचार्यहरुले यस सिद्धान्तलाई विकसित गर्ने काम गरेका छन् । साहित्यको अध्ययन श्रवण र अवलोकनबाट जुन कुराको आस्वादन र आन्नदानुभूति हुन्छ त्यो नै रस हो । पूर्वीय साहित्यको सबैभन्दा जेठो विधाका रुपमा यो स्थापित देखिन्छ । विभाव, अनुभाव, व्याभिचारी र सञ्चारी भावद्वारा अभिव्यत्त सह्दियका मनमा रति आदि स्थाथी भाव रसका स्वरुपमा परिणित हुन्छन् । (विश्वनाथ ३.१) पूर्वीय साहित्यमा रसका बारेमा अभिनव गुप्त र जगन्नाथ जस्ता आचार्यहरुले समेत विशेष चर्चा गरेका छन् । तसर्थ समग्रमा भन्नुपर्दा दर्शक, पाठक, श्रोताको मनमा वासनाका रुपमा र संस्कारका रुपमा सुषुप्त अवस्थामा रहेको विभाव, अनुभाव र व्यभिचारी भावहरुको संयोगबाट परिपुष्ट तत्व नै रस हो ।

## 'परालको आगो' कथामा उत्पन्न रसका उपकरणहरू

साहित्यमा रस उत्पन्न गर्नका लागि प्रमुख भूमिका खेल्ने सामग्रीलाई रसका उपकरण भनिन्छ । रस सूत्रका प्रथम ब्याख्याता भरतमुनी हुन् । उनले विभावानुभावव्यभिचारीभाव संयोगात रस निष्पती भन्दै रस सूत्रको व्याख्या गरेका छन् । कुनै पनि साहित्यिक कृतिमा रस उत्पन्न गर्नका लागि कारकको भूमिका खेल्ने त्तत्वलाई रस सामग्री भनिन्छ । 'परालको आगो' कथामा रहेका रसका उपकरणहरुलाई निम्नअनुसार विश्लेषण गरीएको छ । ।

## विभाव

विभावको व्युत्पत्तिगत अर्थ हो भावनालाई प्रस्फुटित पार्नु लोकमा जो रति आदिका उद्‌वोधक छन् ती साहित्य कृति विभाव मानिन्छन् (शर्मा ,२०७०, पृ ३) । सह्दयका मनमा वासना वा सस्कारका स्पमा रहेका रति , हाँसो , शोक कोध , उत्साह, भय , जुगुत्सा , विष्मय , निर्वेद जस्ता स्थायी भावलाई साहित्यमा जगाएर रसका रुपमा परिणत गर्ने कारक त्तत्वलाई विभाव भनिन्छ । मानिषमा रहेका वाचिक, कायिक र सात्विक अभिनयका माध्यमले चितवृतिको भावन गर्ने वा ज्ञापन गराउने कारक तत्वलाई विभाव भनिन्छ । विभावलाई पनि दुई भागमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ ।

## आलम्बन विभाव

काव्यवस्तुका मूलआधार अर्थात् नायक नायिका, नरनारी, चिजवस्तु तथा विषय घटना जस्ता विषयवस्तुलाई आलम्बन विभाव भनिन्छ । कुनै सुन्दर युवतीलाई देखेर युवकको मनमा र रति भावको अङ्कुरण हुन् छ भने त्यही युवती अलम्बन हुन् छे युवकलाई देखेर युवतीको मनमा रति उत्पन्न हुन् छ भने युवक आलम्बन हो । आलम्वनको अर्थ आश्रय हो । जुन पात्र वा वस्तुका कारण सह्दयको मनमा रहेको वासना वा संस्कारका रुपमा रहने स्थायी भाव रसको रुपमा व्यक्त हुन् छ । त्यसैलाई आलम्बन विभाव भनिन्छ । 'परालको आगो' कथामा रहेका चामे (नायक) गौथली (नायीका) आलम्बन विभाव हुन् । यसलाई पनि दुई भागमा बाड्न सकिन्छ ।

## विषयालम्वन

जसलाई लक्ष्य गरेर वा जसको चरित्र बर्णन गरेर स्थायी भाव उत्पन्न हुन् छ । त्यसलाई विषयालम्वन विभाव भनिन्छ । 'परालको आगो' कथाका चामे र गौथली( नायक नायिका) विषयालम्बन हुन् ।

## आश्रयालम्बन

साहित्यिक कृति पढेर ,सुनेर वा हेरेर जुन व्यक्तिमा स्थायी भाव उत्पन्न हुन्छ त्यसलाई आश्रयालम्बन विभाव भनिन्छ । 'परालको आगो' कथा पढने पाठक, दर्शक, स्रोता आदि कथा पढेर जुन ब्यक्तिमा रस भाव पैदा हुन्छ तिनै वस्तुहरु आश्रयालम्बन हुन् । उक्त कथा पढेर आनन्द लिने दर्शक वा स्रोता सबै आश्रयालम्बनभित्र पर्दछन् ।

## उद्दीपन विभाव

स्थायीभावलाई उकास्ने वा उद्दीप्त पार्ने कारण वा वस्तुलाई उद्दीपन विभाव भनिन्छ । रसलाई आस्वादनीय बनाउन उकास्ने काम गर्ने पक्षलाई उद्दीपन विभाव भनिन्छ । जुन पात्र वस्तु दृश्य परिवेश आदिलाई हेर्दा जसले सह्दयका मनमा रहेको वासना वा सस्कारलाई जगाउने वा उद्दिप्त पार्ने काम गर्दछन् (शर्मा, २०७० , पृ ४) तिनलाई उद्दिपन विभाव भनिन्छ । 'परालको आगो' कथामा आएका चामे र गौँथलीको बोली चामेको घरको वातावरण, गौँथलीको सुन्दर र हष्टपुष्ट शरिर, छिटको चोली र फरिया, एकान्त स्थल, चामेले गौँथलीलाई बोलाउन जादा बाटोमा परेको सुनसान र घना जंगल, गौथलीको माइतीघरको वातावरण आदि यस कथामा उद्दीपन विभाव भएर आएका छन् ।

## अनुभाव

मनोगत भावहरु लाई व्यक्त गर्ने शारिरिक चेष्टालाई अनुभाव भनिन्छ । विभावबाट उत्पन्न स्थायी भाव उद्दिप्त भएपछि देखापर्ने शारिरिक र मानसिक विकार वा किया प्रतिकियालाई अनुभाव भनिन्छ । स्थायी भावको अनुभव देखाउने हुनाले नै यिनलाई अनुभाव भनिएको हो ।
'परालको आगो' कथामा चामे र गौँथलीका बिच झगडाहुदाँ रिसले चामेका आँखा कान राता हुनु , दाँत कटकटाउनु , मुठ्ठीबाध्नु , गौँथलीलाई माइतबाट बोलाएर ल्याउदा चामे प्रशन्न हुनु आदि जस्ता किया प्रतिकिया अनुभाव हुन् ।

## व्यभिचारी वा सञ्चारी भाव

सञ्चारी भाव वा व्यभिचारी भाव भनेका सञ्चरण भइरहने भाव हुन् । सञ्चारी वा व्यभिचारी भावहरु मानव ह्दियमा पानीका फोहरा झै उठदै हराउदै गर्ने प्रकृतिका हुन्छन् । यी सञ्चारी भावहरु स्थायी भावको पुष्टीका लागि आउँछन् । यी रसका सहकारी त्तत्व हुन् । स्थायी भावका सहचारी भएर देखापर्ने अस्थिर भावलाई ब्यभिचारी भाव भनिन्छ । छिन छिन मा परिवर्तन भइरहने भएकाले यी भावहरुलाई सञ्चारी भाव पनि भनिन्छ । यस कथामा आएका आवेग, दैन्य, स्मृति, चिन्ता, उग्रता, हर्ष, उत्सुकता आदि सन्चारी भाव हुन् । चामे आवेगमा आउनु , गौथली माइत गइसकेपछि उसैको स्मृतिमां यता चामेलाई र उता गौथलीलाई याद आइरहनु र चिन्तामा समेत पर्नु, गौथलीलाई भेटने उत्सुकता भैरहनु र भेट हुदा दुवै धेरै हर्षित हुनु आदि सञ्चारी भाव हुन् ।

## 'परालको आगो' कथामा रस प्रयोगको अवस्था

रसका प्रकारका सन्दर्भमा पूर्वीय आचार्यहरु बिच एकमत रहेको पाइदैन । भरतले नाट्यशास्त्रमा रसका चार प्रकार बताएका छन् । जसमा शृडगार, वीर, रौद्र र विभत्स रस पर्दछन् । यिनै चार मुल रसका आधारमा उनले हाँस्य, करुण, अदभूत र भयानक जस्ता सहायक रसहरु गरी जम्मा आठ रस बताएका छन् । त्यसैगरी नाटक लाइ नै आधार मानेर आनन्दवर्द्धनले रसका नौ प्रकार बताएका छन् । जसमा शृडगार, वीर, रौद्र, विभत्स, हाँस्य, करुण, अदभूत, भयानक र शान्त रस पर्दछन् । 'परालको आगो' कथामा यिनै नौ रसहरु मध्ये शृङ्गार रस र रौद्र रसको प्रयोग मुख्य रुपमा गरीएको छ । यिनै रस प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने कुराको अध्ययन विश्लेषण यहाँ गरिएको छ ।

## 'परालको आगो' कथामा शृङ्गार रस

भरतद्वारा स्वीकृत आठ रसहरुमा शृङ्गार एक प्रधान रस मानिन्छ । आठ रसहरु मध्येपनि मूलरसका रुपमा रहेका चार रसहरुमानै शृङ्गारको गणना गरिएको छ । यो सबै रसहरुमा मूल वा प्रधान रस मानिन्छ । भरतका अनुसार शृङ्गार रस रति स्थायी भावबाट उत्पन्न उज्जवल रुप भएको पवित्र शुद्ध र दर्शनीय वस्तुसँग तुलनीय छ । कामको गतिप्रदान गर्ने रसका रुपमा शृङ्गार रसलाई लिइन्छ । काम सम्पूर्ण प्राणीहरुको आदिमवृति ऋग्वेदमा आदिम समयमा सर्वप्रथम काम उत्पत्ति भएको पाइन्छ । सामान्य रुपमा शृङ्गारस नारी र पुरुषको परस्पर आकषर्णबाट उत्पन्न हुन् मानिन्छ । शृङ्गार रसलाई स्थितिका आधारमा दुई प्रकारमा बाडिएको छ । संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार

### संयोग श्रृङ्गार

नायक नायिकाको अनुकूल स्थिति संयोग शृङ्गार हो । यसमा दुवै साथमा हुन् छन्् र मानसिक रुपमा एकआपसमा आकृष्ट रहन्छन् । 'परालको आगो' कथामा केन्द्रिय रुपमा शृङ्गार रसको प्रयोग गरिएको छ । चामे र गौँथलीको आपसमा हुन् दर्शन, वार्तलाप, स्पर्श, चुम्बन, मान, फकाउने फुल्याउने जस्ता आपसी क्रियाकलापहरुले संयोग शृङ्गारलाई प्रकट गरेको छ । चामे र गौँथलीबिच झगडा हुदाँ रौद्र रस उत्पन्न भएको छ । त्यसपछि गौँथलीको माइत बसाइपछि वियोग शृङ्गार उत्पन्न भएको छ । त्यसपछि एकअर्काको अभाव महसुस भइसकेपछि चामे गौँथलीलाई लिन माइत गएर घर फर्केपछि संयोग शृङ्गार उत्पन्न भएको छ । झगडापछि माइतबाट फर्कदा परिस्थिति अनूकुल भएको अनुभव गरेर निर्भय रहने वातावरण हुदा संयोग शृङ्गार उत्पन्न भएको छ । यस कथामा प्रयोग भएको संयोग शृङ्गारको अवस्थालाई निम्न साक्षबाट देखाउन सकिन्छ ।

> एकछिन् घाँसको भारी लिएर गौँथली आइपुगी । पनेलाको चोलो, छिटको फरिया लाएकी, फरियाको गुल्थो खुम्च्याएर पटुका बाँधेकी, हातमा बाला, घाँटीमा प्वाँलो लाएकी पुष्ट छाती भएकी निधारमा सिन्दुरको ठुलो टिका लाएकी, कपालमा गुराँसको फुल सिउरेकी, अलिअलि साँवलो वर्णकी निकै राम्ररी देखिन्थी । गौँथलीको मनोहर रुप देखेर चामे तृप्त भयो । घरमा साक्षात गृहलक्ष्मीको प्रवेश गरे जस्तो मान्यो (गुरुप्रसाद मैनाली, 'परालको आगो' कथा) ।

मथिको कथाशंमा गौँथली आल्लम्बन विभाव, गौँथलीको वेशभूषा र सुन्दरता, जसलाई देखेर चामेमा रतिभाव उत्पन्न भयो ती उद्दीपन विभाव, स्नेहपूर्वक प्रेमपूर्वक गौँथलीलाई हेर्ने कार्य गरीरहनु अनुभाव

हुदै गौथलीको रुप देखेर मानसिक रुपमा चामे तृप्त भई उसमा हर्ष एवम् खुसीको सञ्चार भएकाले हर्ष सञ्चारी भावका माध्यम्बाट रति स्थायीभाव हृदयमा जागेकाले यहाँ नायक चामेमा र भावक पाठकमा संयोग शृङ्गार रस उत्पन्न भएको छ। यसबाट श्रृङ्गार रसको अभिव्यक्ति भएको कुरा प्रस्ट हुन्छ।

> जुठेका लोग्ने स्वास्नीको खुबै प्रिती थियो जुठे सधैँ स्वास्नीलाई लिएर माझी गाउँतिर लुगा सिउन जान्थ्यो। बाटामा लोग्ने स्वास्नी घर गृहस्थी दु:ख सुखका ,कुरा गर्दै जान्थे बेलुका पनि कुरा गर्दै फर्कन्थे। राति आँटमा दियो राखेर जुठे विराटपर्वको सिलोक हाल्थ्यो। स्वास्नी चाहि जुठो चूलो गर्दै सिलोक सुन्दै गर्थी। कहिलेकाँही जुठे बिरामी भो भने स्वास्नी गाउँमा धामी झाँक्री खोज्दै हिड्थी। विष्टहरुकहाँ लुगा सिउन जाँदा कहिलेकाहिँ जुठे स्वास्नी सँग ठट्टा गरेर। किक्लिक्क घिच्रो तान्थ्यो। अनि यसो अरु मान्छेतिर हेरेर आँखा झिम्क्याउँन्थ्यो। स्वास्नीचाहि "अ.. बूढो हुँदा पनि ठट्टा गर्ने बानी नगएको ! भनेर अर्कोपट्टि फर्केर हाँस्थी। (गुरुप्रसाद मैनाली, 'परालको आगो' कथा)

माथिको साक्ष्यमा जुठेकी स्वास्नी आलम्बन विभाव स्वास्नीका हाउभाउ ,मुखमुद्रा उद्धीपन विभाव,प्रेम पूर्वक स्वास्नीलाई हेर्दै दु:ख सुखका कुरा गर्नँ अनुभाव र जुठे आफ्नी स्वास्नी सित ठट्टा गर्दै हास्नुँ र खुसी हुनु सञ्चारी भावद्वारा रति स्थायी भाव जागेर जुठे र पाठक वर्गमा शृङ्गार रस उत्पन्न भएको छ। यसबाट शृङ्गार रसको अभिव्यक्ति भएको कुरा प्रस्ट हुन्छ।

## विप्रलम्भ शृङ्गार

नायक नायिकाको मिलनको अभावमा वियोग शृङ्गार वा विप्रलम्भ शृङ्गारको अभिव्यक्ति हुन्छ। नायक नायिकाको विछोडको अवस्थामा मिलनको अभावका कारण यसको उत्पत्ति हुन्छ। 'पर ालको आगो' कथामा चामे र गौथलीका बिच झगडा भैसकेपछि गौथली रिसाएर माइत गएको केही दिनपछि चामेलाई गौथलीको याद आउँदा चामेका मुखबाट निस्केका निम्न अभिव्यक्तिबाट विप्रलम्भ श्रृगारको अभिव्यक्ति भएको प्रष्ट हुन्छ।

> पहिले आठ दश दिन त चामे गौंथलीको नाम लिँदा पनि झम्टला भनेजस्तो गर्थ्यो तर पछि पछि अलि शुन्य मान्न लाग्यो। विचार गर्‍यो, मुखाले भएपनि सारै जाँगरीली थिई। मन लगाएर एक भारी घाँस ल्याई भने भैंसी डम्म अघाउँथ्यो। विहान वेलुकी एक गाँस पकाएर खान दिन्थी । ऊ गएदेखि तिन चार दिन भात खाएँ हुँला, नत्रभने खालि भुटेका मकैको भरमा छु। ऊ हुनञ्जेल भैंसीले टयाट्याममा दूध दिन्थ्यो। आफै दुहन् थी। ऊ गएदेखि बिच्केको बिच्कै भो। सबै जना डाकेर ले भन्दछन्। जुठे दाइकी स्वास्नी पनि त्यसै भन्थिन। आए आउली नआए नआउली, एक पटक लिन जानै पर्‍यो।
>
> (गुरुप्रसाद मैनालीको 'परालको आगो' कथा)

माथिको कथाशंमा चामे एक्लै हुँदाको चामेको सुनसान घर विभाव, उसको यादमा चामे छट्पटीनु पिरोलिनु जस्ता अनुभाव, त्यसपछि चामेमा उत्पन्न ग्लानि चिन्ता जस्ता सञ्चारी भावबाट परिपुष्ट भएर रति स्थायी भाव जागृत भै विप्रलम्भ शृङ्गार रसको उत्पत्ति भएको छ।

## 'परालको आगो' कथामा रौद्र रस

काव्य र नाट्यगत रसहरूमा रौद्र रस महत्वपूर्ण मानिन्छ । वादी प्रतिवादी वा विरोधी पक्षका पात्रहरु र तिनीद्धारा गरिएको अनिष्ट कार्यका कारण रौद्र रस उत्पन्न हुन्छ । आचार्य भरतमुनिले 'नाट्यशास्त्र'मा शृङगार, रौद्र, वीर तथा बीभत्स यी चार रस प्रधान मानेका छन् । यी रसहरूद्वारा नै अन्य रसको उत्पत्ति हुन्छ भनेका छन् । रौद्र रसबाट करूण रसको उत्पत्ति हुन्छ भन्ने उनको मान्यता छ : "रौद्रस्यैव च यत्कर्म स ज्ञेय करुणो रस :" अर्थात रौद्ररस बाट करुण रसको उत्पत्ति हुन्छ ।

रौद्र रसको स्थायी भाव क्रोध हो भने यसको वर्ण रक्त र देवता रुद्र हुन् । क्रुद्धावस्थामा मानिसको आकृति क्षोभका वा कठोर रिसका कारणले रातोपिरो हुन्छ । वास्तवमा विरोधी समूहद्वारा जिस्कयाइने कार्य, अपमान, अपकार, गुरुजन निन्दा, देश र धर्मको अपमान आदिबाट प्रतिशोधको भावना जागृत हुँदा रौद्र रस उत्पन्न हुन्छ । पण्डितराज जगन्नाथका अनुसार क्रोध शत्रु विनाश आदिको कारण बनेर आउँछ । प्रसिद्ध मनोवैज्ञानिक मेकडुगलले क्रोधलाई युयुत्साको मूल प्रवृत्ति मानेका छन् ।

आत्मीयजनको अपमान, गुरुजन आदिको निन्दा आदिबाट उत्पन्न हुने कोध भावको अतिशयताबाट आस्वाद्य बन्ने रस रौद्र हो । भरतका अनुसार यो युद्धका कारणबाट उत्पन्न हुन्छ र यसको आश्रय राक्षस दानव उद्धृत प्रकृतिको मानव आदि हुने गर्दछ । धनञ्जका अनुसार ईर्श्या वा शत्रुले गरेको अपकार जस्ता विभावबाट उत्पन्न कोध स्थायी भावको परिपोष नै रौद्र रस हो । 'परालको आगो' कथामा रौद्र रसको प्रयोग यसरी गरिएको पाइन्छ ।

"राँड दिनभरी जन्तीसँग आँखा झिम्क्याएर बसी यतिबेला स्वाङ पार्छे भनेर एकलात हिकार्यो गौँथली ढन्मनिदै संगारमा लडी"

"कोर सल्केको हात बावु आमा राँडा राडीको आँखा फुटेर कसाईका हातमा सुम्पे यस्ता कंगाली मोराको जोईभएर बस्नुभन्दा डुबेर मर्नु जाती"

चामे रिसाएर फतफताउन थाल्यो "राँडीको ढंग हेर,माल पाएर के गर्नं चाल पाए पो हुन्छ आफ्ना बुवा बराजुले कहिले बिर्के टोपी लाएको भए पो थाहा पाउँन्थी बाबु खाडीको टोपी लाएर भाङ्गाको गादो पारेर हिड्छ,छोरी किन गतिली हुन्थी ? बाहुनले च्याउँ खायो न स्वाद पायो !

(गुरुप्रसाद मैनाली, 'परालको आगो' कथा)

माथिको पहिलो कथांशमा गौँथली प्रति चामेको कोध भाव उत्पन्न भएकाले चामे आलम्वन विभाव हो । चामेको कोध भाव चेष्टा र कोधपूर्ण वाणी (राँड जन्तीसँग आँखा झिम्क्याएर स्वाङ) आदि उद्दीपन विभाव ,आँखा रात गर्नु, गौथलीलाई एकलात हिर्काउनु , आदि अनुभाव हुन् । तत्पश्यात सम्वोधक भावकका ह्दयमा उत्पन्न उग्रता आकोश आदि सञ्चारी भावहरु हुदै कोध स्थायी भाव जागृत भएकाले यहाँ रौद्र रस उत्पन्न भएको छ ।

## निष्कर्ष

गुरुप्रसाद मैनालीद्वारा लिखित 'परालको आगो' सामाजिक यथार्थवादी कथा हो । नेपाली साहित्यमा प्रथम आधुनिक कथाकारका रुपमा परिचित मैनालीका नासो कथासंग्रह भित्रका एघारवटै कथाहरु नितान्त सामाजिक र मौलिक छन् । यस परालको आगो कथामा रति र कोध स्थायी भावद्धारा

शृङ्गार र रौद्र रस प्रमुख रसका रुपमा प्रकट भएका छन् । कथामा चामे र गौंथलीका बीच झगडा हुँदा चामेले खट्टा उठाएपछि गौथली रिसाएर माइत जाँदा वियोग शृंगार उत्पन्न भएको छ भने गौथली र चामे बीच झगडा हुँदा क्रोध स्थायी भावका कारण रौद्र रस समेत प्रकट भएको छ । लोग्ने स्वास्नीको झगडा परालको आगो भन्ने नेपाली उखान सार्थक भएको छ । यस कथामा चामे,जुठे,गौथली,जुठेकी श्रीमती आलम्वन विभावका रुपमा आएका छन भने यी सबै आलम्बनले भोगेको जीवनको चित्रणले रति र क्रोध स्थायी भावलाई पुष्टि गरेको छ । कथामा चामेको घर र गौथलीको माइती घर, घटना घट्ने स्थानका रुपमा आएका छन । चामेको घर र गौथलीको घरका सम्पूर्ण परिवेश उद्दीपन विभावका रुपमा देखिन्छन । चामे ,गौथली, जुठे,जुठेकी श्रीमती,चामेले पधेँरामा भेटेका मानिसहरु गौंथलीका आमा बुवाले कायिक,वाचिक,सात्विक,अनुभावका माध्यमबाट आफ्ना भाव तथा विचार प्रकट गरेका छन । कथामा चामे र गौथली तथा जुठे दमाई र दमिनीका कारण रति स्थायी भावलाई चिन्ता,औत्सुक्य, उन्माद,गर्व ,स्वप्न ,आवेग, चपलता, मोह,हर्ष, उग्रता,अमर्ष, मद, असूया, स्मृति आदि व्यभिचारी भावले परिपुष्ट गरेका छन । कथाकार मैनालीले यस कथाका माध्यमबाट नेपाली समाजको वास्तविकतालाई देखाउन खोजेका छन् । शृङ्गार र रौद्र रसको उपयुक्त संयोजन, सरल भाषाशैली, सामाजिक यथार्थवादी घटना तथा कथाभित्रका सबै घटनाहरुको उपयुक्त विन्यास आदिका कारण कथाले नयाँ स्वरुप प्राप्त गरेको छ । कथाकारले भरतमुनीले प्रतिपादन गरेका चार मुख्य रस मध्ये शृङ्गार र रौद्र प्रधान रसका रुपमा प्रयोग गरिएको यस कथामा शृङ्गारिक र रौद्र रस प्रमुख बन्न पुगेको निष्कर्ष निकालिएको छ । कथामा विभाव अनुभाव र व्यभिचारी भावबाट परिपुष्ट बनेको रति र क्रोध स्थायी भाव हुँदै शृङ्गार र रौद्र रस अभिव्यक्त भएको छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५०). पूर्वीय समालोचना सिद्धान्त. पाँ.संस्क.. साझा प्रकाशन ।

आनन्दवर्धन (सन् २०१३).(टीकाकार विश्वेश्वर). ध्वन्यालोक. .ते.संस्क.. ज्ञानमण्डल लिमिटेड ।

ओझा ,रामनाथ(२०७६).नेपाली कथा र उपन्यास. काठमाडौ.:करुधरा पब्किेसन प्रा ली ।

उपाध्याय, केशवप्रसाद (२०६७).पूर्वीय साहित्य सिद्धान्त.काठमाडौँ : साझा प्रकाशन ।

गड्तौला, नारायण (२०७१).रस र ध्वनि सिद्धान्त.काठमाडौँ : प्रगति पुस्तक भण्डार ।

तिवारी, प्रेमप्रसाद (२०७७). महेशविक्रम शाहका कथामा रस.अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।

मैनाली, गुरुप्रसाद (२०२०). नासो कथा स्रग्रह.काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, ऋषिराम (२०६०). नेपाली रस परिचय.काठमाडौँ : जुगल पब्लिकेशन ।

श्रेष्ठ , ईश्वरकुमार २०६२). पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुख मान्यता,वाद र प्रणाली . काठमाण्डौ : साझा प्रकाशन ।

शर्मा, सोमनाथ (२०५८).साहित्य प्रदीप.काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७८).समालोचनाका नयाँ कोण.काठमाडौं : ओरिएन्टल पब्लिकेशन हाउस ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त. दास्रो संस्क.. विद्यार्थी पुस्तक भण्डार ।